# नेपाल राष्ट्र बैंक
## सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
## बालुवाटार
प्रकाशित मितिः २०८०/०४/२९

## विज्ञापन एजेन्सीहरुलाई दरभाउपत्र पेश गर्ने सूचना

आर्थिक वर्ष २०८०/८१ को लागि यस बैंकका सूचना/विज्ञापनहरु राष्ट्रियस्तरका पत्रपत्रिकाहरुमा प्रकाशन गराउने सम्बन्धमा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ को उपविनियम (८) बमोजिम सम्पूर्ण इच्छुक विज्ञापन एजेन्सीहरुलाई आफूले प्रदान गर्न सक्ने अधिकतम छुटसहित(प्रतिशतमा) को दरभाउपत्र सिलबन्दी गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटारमा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र देहायबमोजिमको कागजात सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुनआएका सिलबन्दी दरभाउपत्र उपर कारवाही नगरिने व्यहोरा समेत जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि यस विभागमा सम्पर्क गर्नुहोला ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
ख. सालवसाली वा आवधिक रुपमा नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको खुल्ने कागजात ।
ग. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणित प्रतिलिपि ।
घ. आ.व. २०७९/८० को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि ।
ङ. दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै निकायको अनुमति लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
च. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणित कागजातको प्रमाणित प्रतिलिपि ।
छ. तत्काल कार्य गर्न सक्ने व्यहोराको प्रमाणित प्रतिलिपि ।
ज. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणापत्र ।
झ. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र ।
ञ. आ.व.२०८०/८१ को लागि सम्बन्धित पत्रपत्रिकाको विज्ञापन एजेन्सी भएको कागजात/सम्झौतापत्र ।
ट. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, ईमेल, वेभसाईट आदि खुलाई पेश गरेको हुनु पर्ने ।